# तुलसीपुर उपमहानगरपालिका

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

# राजपत्र

खण्डः ८ संख्या:२ प्रकाशित मितिः २०८२।०३।३२

# भाग — १

## तुलसीपुर उपमहानगरपालिका

### तुलसीपुर उपमहानगरपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२

# स्थानीय राजपत्र

## तुलसीपुर उपमहानगरपालिका

तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## तुलसीपुर उपमहानगरपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२

नगर सभाबाट पारित मिति २०८२/०३/१०

**प्रस्तावनाः** तुलसीपुर उपमहानगरपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को (१) बमोजिम यो ऐन बनाई लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुलसीपुर उपमहानगरपालिकाको नगरसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२.परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क) "अटोरिक्सा"** भन्नाले इन्धन (पेट्रोल वा डिजल) बाट चल्ने सवारी साधन सम्झनु पर्छ ।

**(ख) "ईलेक्ट्रिक रिक्सा"** भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नवीकरणीय ऊर्जाबाट चार्ज हुने ईलेक्ट्रिक रिक्सालाई सम्झनुपर्छ।

**(ग) "रुट"** भन्नाले तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अटो तथा ईलेक्ट्रिक रिक्सा संचालनको लागि तोकिएको निश्चित क्षेत्रलाई सम्झनुपर्छ।

**(घ) "रुट ईजाजत"** तुलसीपुर उपमहानगरपालिकाले प्रदान गरेको बाटो ईजाजत पत्रलाई सम्झनु पर्छ ।

**(ङ) "सञ्चालन अनुमति"** भन्नाले तुलसीपुर उपमहानगरपालिकाले रुट निर्धारण गरी नगरक्षेत्र भित्र संचालन गर्न दिईएको अनुमतिलाई सम्झनुपर्छ ।

**(च) "सवारीसाधन"** भन्नाले अटो तथा ईलेक्ट्रिक रिक्सालाई सम्झनुपर्छ।

**<u>३. अटो तथा ईलेक्ट्रिक रिक्सा निर्देशक समितिको गठनः</u>** १) नगरपालिका क्षेत्रभित्र अटो तथा ईलेक्ट्रिक रिक्सा संचालनलाई व्यवस्थित, सुरक्षित गर्न र सो सम्बन्धमा आवश्यक मार्गदर्शन गर्न तुलसीपुर उपमहानगरपालिकामा देहाय अनुसारको अटो तथा ईलेक्ट्रिक रिक्सा निर्देशक समिति रहने छः

| | |
|---|---|
| (क) नगरप्रमुख | अध्यक्ष |
| (ख) नगरउपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) आर्थिक विकास समिति संयोजक | सदस्य |
| (ङ) प्रमुख, इलाका प्रशासन कार्यालय दाङ | सदस्य |
| (च) नगरपालिका क्षेत्रभित्रको इलाका प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| (छ) उपमहानगरपालिका क्षेत्रभित्रको ट्राफिक प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| (ज) अटो व्यवसायीहरु मध्येबाट नगरप्रमुखबाट मनोनीत १ जना | सदस्य |
| (झ) यातायात व्यवस्था कार्यालयको प्रमुख | सदस्य |
| (ञ) यातायातको क्षेत्रबाट विज्ञहरुमध्येबाट नगरप्रमुखले तोकेको १ जना | सदस्य |
| (ट) कानूनी मामिला शाखा प्रमुख | सदस्य |
| (ठ) कार्यपालिकाको सदस्य मध्येबाट नगरप्रमुखबाट मनोनित १ जना | सदस्य |
| (ड) सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य सचिव |

(२) दफा ३ (१) बमोजिम गठित निर्देशक समितिको बैठकमा सम्बन्धित विषयका विज्ञहरु, कार्यपालिकाका पदाधिकारी र आवश्यकता अनुसार अन्य कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) दफा ३ (१) बमोजिम गठित निर्देश समितिको बैठक कम्तीमा ३ महिनामा १ पटक बस्नेछ।

(४) बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ।

(५) बैठकमा सहभागी सदस्यहरुले कार्यपालिका सदस्यसरह बैठक भत्ता प्राप्त गर्नेछन ।

(६) गणपुरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ र निर्णय बहुमतबाट हुनेछ ।

**४. अटो तथा ईलेक्ट्रिक रिक्सा निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) अटो तथा ईलेक्ट्रिक रिक्सा निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अटो तथा ईलेक्ट्रिक रिक्साको स्थान र दुरी अनुसारको वैज्ञानिक भाडा दर निर्धारण गर्ने,

(ख) नगरपालिका भित्र दर्ता भई संचालन हुने अटो तथा ईलेक्ट्रिक रिक्साको संख्या निर्धारण गर्ने,

(ग) सेवा क्षेत्र निर्धारण तथा क्लस्टर अनुसारको अटोरिक्साको संख्या निर्धारण गर्ने,

(घ) अटो तथा ईलेक्ट्रिक रिक्सा पार्किङस्थल तोक्ने,

(ङ) उपमहानगरपालिका क्षेत्रभित्र अटो तथा ईलेक्ट्रिक रिक्सा संचालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने,

**५. सहजीकरण समितिः** १) नीति निर्माणमा सहजिकरण, निर्देशक समितिले गरेका निर्णय कार्यान्वयन र आइपर्ने विवाद समाधान गर्न देहायबमोजिमको सहजीकरण समिति रहनेछ,

(क) व्यवस्थापन समितिमा रहेका कार्यापालिका सदस्यमध्येबाट १ जना संयोजक

(ख)नगरसभाका सदस्यहरुमध्येबाट नगर प्रमुखले तोकेको १ महिलासहित ३ जना सदस्य

(ग) अटो व्यवसायीहरुमध्येहरुबाट १ जना सदस्य

(घ) नगर प्रहरी प्रमुख सदस्य

(ङ) सम्बन्धित शाखाको प्रमुख सदस्य

**६. सहजीकरण समितिको काम, कर्तव्य र अधिकार**ः १) दफा ५ बमोजिम गठित सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ,

(क) व्यवस्थापन समितिलाई नीति निर्माणमा सहयोग तथा सहजीकरण गर्ने ।

(ख) निर्देशक समितिले गरेका निर्णय कार्यान्वयन गर्ने ।

(ग) काम कारवाहीका सिलसिलामा आईपरेका विवाहरु समाधान गर्ने ।

(घ) निर्देशक समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(२) निर्देशक समितिको बैठक आवश्यकतानुसार बस्नेछ । तर महिनामा २ पटक मात्र बसेको बैठक भत्ता उपलब्ध गराईनेछ ।

**७· संचालन अनुमति लिनुपर्ने** : (१) उपमहानगरपालिका क्षेत्रभित्र संचालन गरिने अटो तथा ईलेक्ट्रिक रिक्साले उपमहानगरपालिकाबाट संचालन अनुमति लिनुपर्नेछ ।

तर, अन्यत्र दर्ता भएका अटो तथा ईलेक्ट्रिक रिक्साले बिरामी ल्याई आएमा वा रिजर्भ भई आएमा जुन प्रयोजनका लागि ल्याइएका हुन सो प्रयोजन बाहेक अन्यत्र संचालन गर्न पाइने छैन ।

(२) ईलेक्ट्रिक रिक्सा सचालन गर्ने अवधि सुरु दर्ता भएको मितिले १० वर्ष र अटो रिक्साको १५ वर्ष हुनेछ ।

(३) अनुमति प्राप्त गर्नका लागि प्राप्त निवेदनहरुको छानविन गरी निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र निर्देशक समितिले अनुमति दिन सक्नेछ ।

(४) अटो तथा ईलेक्ट्रिक रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्ने गरी छुट्टै नम्बर दिन सक्नेछ ।

(५) अटो तथा ईलेक्ट्रिक रिक्सा अनिवार्य वार्षिक रुपमा नवीकरण गर्नुपर्नेछ । र नवीकरण शुल्क तथा रुट इजाजत पत्र शुल्क निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) नगरपालिकाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

(७) संचालन अनुमति तथा नविकरणको लागि पेश गर्ने निवेदनको ढाँचा र अन्य आवश्यक कागजातहरु तोकिए बमोजिम हुनेछ ।

**८. रुटनिर्धारणः** (१) संचालन हुन अनुमति प्राप्त अटो तथा ईलेक्ट्रिक रिक्साहरु संचालन गरिने रुट निर्धारण दफा ३ बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) संचालन अनुमति पत्र र रुट इजाजत पत्र अटो तथा ईलेक्ट्रिक रिक्सा चालकले साथमा राख्नुपर्नेछ ।

**९. संख्या निर्धारणः** (१) नगर क्षेत्रभित्र संचालन हुने अटो तथा ईलेक्ट्रिक रिक्साको संख्या निर्धारण निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

(२) निर्देशक समितिले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, दुर्घटना न्युनीकरण, बजार व्यवस्थापनको अवस्था, सडक संजाल जस्ता पक्षहरुलाई ध्यान दिनुपर्नेछ ।

(३) उपदफा २ बमोजिम निर्धारण गरिएको संख्या निर्देशक समितिले समय समयमा पुनरावलोकन गर्न सक्नेछ ।

(४) अटो तथा ईलेक्ट्रिक रिक्साको संख्या पुनरावलोकन प्रत्येक २ वर्षभित्र गर्नुपर्नेछ ।

**१०.भाडा दर सम्बन्धी व्यवस्थाः** (१) उपमहानगरपालिका भित्र संचालन हुने अटो तथा ईलेक्ट्रिक रिक्साको भाडा दर निर्देशक समितिले तोकेबमोजिम हुनेछ ।

(२) आगामि श्रावणदेखि लागु हुने भाडादर अषाढ १५ गतेभित्र निर्देशक समितिले तोकिसक्नुपर्नेछ ।

**११.नवीकरण सम्बन्धी व्यवस्थाः** (१) नविकरण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

(क) अटो तथा ईलेक्ट्रिक रिक्साको संचालन तथा रुटनिर्धारण, अनुमतिको नविकरण प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र गरिसक्नुपर्नेछ।श्रावण महिनाभित्र नविकरण गर्न आएमा तोकेबमोजिम छुट समेत दिन सकिनेछ ।

(ख) भाद्र महिनाभित्र नविकरण गर्न आएमा दोब्बर दस्तुर लिई नविकरण गरिनेछ । र सो अवधिमा पनि नविकरण गर्न नआएमा प्रत्येक महिनाको थप रु १०००। जरिवाना लिइ नविकरण गरिनेछ ।

**१२.अटो तथा ईलेक्ट्रिक रिक्सा चालकको आचरण र यात्रु सुरक्षा सम्बन्धी व्यवस्थाः** (१) अटो तथा ईलेक्ट्रिक रिक्सा चालकले देहाय बमोजिम आचरणहरु पालना गर्नुपर्नेछ;

(क) प्रचलित ट्राफिक नियमको पूर्णपालना गर्दै संचालन अनुमति पत्र, सवारीदर्ता किताब र रुट इजाजत पत्र साथमा लिएर मात्र चलाउनुपर्नेछ।

(ख) बिमा नवीकरण गरेको प्रमाणपत्र साथमा राखी चलाउनु पर्नेछ।

(ग) अटो तथा ईलेक्ट्रिक रिक्साको यान्त्रिक अवस्था ठीक भए नभएको जाँच गरेर मात्र चलाउनु पर्नेछ ।

(घ) अटो चालकको पहिचान र सुरक्षाको लागि अनिवार्य रुपमा रिफ्लेक्ट जाकेट लगाउनु पर्नेछ ।

(ङ) अनिवार्य रुपमा हालसालै खिचेको फोटो सहितको परिचय पत्र आफु साथ राख्नु पर्नेछ साथै अटो तथा ईलेक्ट्रिक रिक्सा धनि र चालकको नाम, ठेगाना, फोन नंम्बर र प्रमाणित भाडादर सूची सबैले देख्ने गरी राख्नपर्नेछ ।

(च) मादक पदार्थ तथा लागू औषध सेवन गरी सवारी चलाउन पाईने छैन। साथै प्रतिबन्धित मालसमान तथा चिजवस्तु समेत ओसारपसार गर्नपाईने छैन।

(छ) अटो तथा ईलेक्ट्रिक रिक्सा चलाउँदा मोबाईल फोन प्रयोग र ठूलो आवाजमा गीतसंगीत बजाएर चलाउन पाईने छैन ।

(ज) लेन अनुशासनको पालना गर्नुपर्नेछ।

(झ) अटो तथा ईलेक्ट्रिक रिक्साको अगाडीको भागमा चालकको दायाँबायाँ यात्रु तथा मालसमान राख्न पाईने छैन। साथै सवारी साधनको बाहिरी भागमा मालसमान तथा यात्रु राख्न र झुन्ड्याउन पाईने छैन।

(ञ) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिंदै यात्रुमैत्री व्यवहार गर्नुपर्नेछ साथै अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुर्याउनु पर्नेछ।

(ट) सडकमा जथाभावी सवारीसाधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाईने छैन साथै सवारी साधन पूर्णरुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ।

(ठ) रात्रीकालीन यात्रा गर्दा बत्तीको सही सदुपयोग गर्नुपर्नेछ। अटो तथा ईलेक्ट्रिक रिक्सा तीब्र गतीमा चलाउन पाईने छैन ।

**१३. विमा सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक अटो तथा ईलेक्ट्रिक रिक्साको प्रचलित कानुनले तोके बमोजिमको दुर्घटना विमा, मजदुर विमा र तेस्रो पक्ष विमा गरेको हुनुपर्नेछ।

(२) रुट इजाजत पत्र जारी गर्दा वा नवीकरण गर्दा सम्बन्धित अभिलेखमा विमाको नाम र बहाल अवधि खुलाउनु पर्नेछ।

**१४. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** (१) कार्यालयको अनुमति वा स्वीकृति नलिई अटो तथा ईलेक्ट्रिक रिक्साको संचालन अनुमति प्राप्त तथा नवीकरण गर्दाको अवस्थाको मोडेलमा कुनै किसिमको हेरफेर (रङग, सिट, स्वरुप, इञ्जिन, च्यासिस) गरेको पाईएमा आवश्यक कार्वाहीका लागि यातायात कार्यालयमा सिफारिस गरि पठाईनेछ ।

(२) दफा १२ मा उल्लेखित आचरणविपरितका कार्यहरु गरेमा रु १०००। जरिवाना गरिनेछ ।

(३) ट्राफिक प्रहरीसँग कार्यालयले आवश्यक समन्वय गरी कार्वाही गर्न सक्नेछ।

**१५.जाँचपास सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक अटो तथा ईलेक्ट्रिक रिक्साले १/१ वर्षमा अनिवार्य रुपमा प्राविधिकबाट जाँचपास गराएको प्रमाण पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वार्षिक रुपमा सवारीसाधनको जाँचपास गराउँदा जाँचपास अवधि सकिएको बढीमा १५ दिनभित्र जाँचपास गराउनु पर्नेछ। सो अवधि भित्र जाँचपास नगरेको पाइएमा नगरकार्यपालिकाको कार्यालयले यसरी जाँचपास नगराउने अटो तथा ईलेक्ट्रिक रिक्साबाट जरिवाना लिनसकिनेछ।

(३) जाँचपास गर्न प्रचलित कानुन तथा नगरपालिकाले तोकेको मापदण्ड पूरा भएको हुनुपर्नेछ।

**१६. पट्के अनुमतिः** (१) विशेष काम परी कुनै अटो रिक्सा तथा ईलेक्ट्रिक रिक्सालाई निर्धारण गरिएको रुट भन्दा अन्य कुनै रुटमा चलाउनु परेमा पट्के रुट निर्धारणको लागि तोकिएको ढाँचामा दस्तुर समेत सलग्न राखी कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम दरखास्त परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी वेहोरा ठिक देखेमा बढीमा ५ दिनसम्मको पट्के रुट निर्धारण दिन सक्नेछ ।

(३) पटके अनुमति वापत प्रत्येक १ पटकको दस्तुर रु ५० हुनेछ ।

**१७. अनुगमनः** (१) कार्यालयले समय समयमा अनुगमन गर्नसक्नेछ।

**१८. पार्किङ स्थलः** (१) उपमहानगरपालिकाले तोकेबमोजिम पार्किङ स्थल रहनेछ ।

**१९. नियम तथा निर्देशिका बनाउन सक्नेः** (१) उपमहानगरपालिकाले आवश्यकताअनुसार नियमावली बनाउन सक्नेछ ।

**२०. खारेजी र बचाउ :** (१) यो ऐन जारी हुनुभन्दा पहिला भए गरेका कामकारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) नगरसभाले आवश्यताअनुसार सशोधन गर्नसक्नेछ ।

(३) अटो रिक्सा ईलेक्ट्रिक रिक्सा तथा टेम्पोको रुट ईजाजत तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ खारेज गरिएको छ ।

आज्ञाले

केशवराज पार्धे

प्रमुख प्रशासकीय अधिकृत